# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
# लुम्बिनी प्रदेश कार्यालय

राप्ती उपत्यका, (देउखुरी), दाङ्ग।

## प्रि-डिप्लोमा र डिप्लोमा/प्रमाणपत्र तहको स्वास्थ्य वाहेकका पूर्ण शुल्कीय तर्फका कार्यक्रमहरुको योग्यताक्रमको सूची प्रकाशन गरिएको सम्बन्धी अत्यन्त जरुरी सूचना
## (सूचना प्रकाशित मिति २०८२|०४|२८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८२/०३/२२ गते तथा २०८२/०४/११ गते प्रकाशित सूचना अनुसार यस प्रदेश अन्तर्गत संचालनमा रहेका शिक्षालयहरुमा प्रि- डिप्लोमा र डिप्लोमा/ प्रमाणपत्र तहका पूर्ण शुल्कीय तर्फका स्वास्थ्य बाहेका कार्यक्रमहरुमा अध्ययनका लागि अनलाईन मार्फत प्राप्त आवेदनहरु रुजु गरी प्रिडिप्लोमा र डिप्लोमा तथा प्रमाण पत्र तहमा प्रशिक्षार्थी छनोट छात्रवृति ,विवरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८२ बमोजिम एस.एल.सी /एस.ई.ई. को नतिजामा प्राप्त अङ्क/जी.पी.ए का आधारमा र सामुदायिक तथा संस्थागत विद्यालय/शिक्षालयको अंकभारका आधारमा सम्बन्धित शिक्षालयको स्वीकृत कार्यक्रम तथा कोटामा कार्यटोलीबाट सिफारिस भई आएको नतिजा मिति २०८२/०४/२८ गतेको निर्णयानुसार मुख्य उम्मेदवार तथा वैकल्पिक उम्मेद्धार सहितको योग्यताक्रम सूची र रद्द गरिएका आवेदकहरुको सूची शिक्षालयगत रुपमा प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।मुख्य उम्मेद्धारको रुपमा छनौट भई भर्नाका लागि सिफारिस भएका उम्मेद्धारहरु मिति २०८२/०५/०६ गते शुक्रबार कार्यालय समय भित्र आफ्नो Application Acceptance Card योग्यताक्रम प्रति, शैक्षिक योग्यताको प्रमाण पत्र , नागरिकता वा जन्मदर्ता प्रमाण पत्र छनौट भएको लक्षित वर्गको सक्कल प्रमाण पत्र , पासपोर्ट साईजको फोटो सहित तोकिएको शिक्षालयमा भर्ना हुन जानकारी गराईन्छ।साथै सम्बन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्बन्धी निर्देशिका र सूचनामा उल्लेख भए बमोजिम उम्मेद्धारहरुले पेश गरेका सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गर्नु गराउनु हुन अनुरोध छ।

निर्देशक